# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-४३ | २०७६ जेष्ठ १ गते बुधबार | 15 May 2019 Wednesday | मूल्य रु. १०/-



घरेलु हिंशाको जघन्य प्रकार, सवै मिली गरौं यसको प्रतिकार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## भारतकै भरमा फलफुल तरकारी

**मिसन न्यूज**

**कालिकोट**-यस जिल्लामा स्थानीय उत्पादन नहुँदा भारतको रुपडिया वजारवाट आउने विषाक्त तरकारीले भरिभाराउ हुने गरेको छ। कर्णाली प्रदेश सरका मन्त्री परिषदको पहिलो वैठकले अर्गानीक र आत्मनिर्भण कर्णाली घोषण गरेपनि कर्णाली प्रदेशका कालिकोट जुम्ला लगाएतका सवै जिल्लाहरु रुपडियावाट आउने विषादीयुक्त तरकार र फलफूलमा निर्भर रहने गरेका छन्।

प्राज्ञारिक कृषि मानव स्वास्थ्य,दिर्घ जीवन र समग्र जैविक प्राणालीको अत्यन्तै आवश्यक भएता पनि कर्णाली क्षेत्रमा टनका टन तरकारी फलफूल विषदीले भरिएका आउने गरेका छन्। भारतको रुपैडियादेखि गाडिमा लोडगरिएको तरकारि र फलफुल कतै नरोकि आउनु पर्यो भने दुई दिनमात्र लाग्छ। नत्र भने ठाँउ ठाँउका सब्जि मन्डिहरुमा झार्दै आउदा कालिकोट चार पाँचदिनमा पुग्ने गरेको छ। बाटोमै सुकेर, सडेर आएको तरकारि र फलफुलको गाडि बषपार्कमा नगुग्दै व्यापारि हरु गाडि कुरिरहेका हुन्छन। गाडि नरोक्दै व्यापारिहरु सामान लिन लुछा लुछ गर्छन । अहिले कालिकोटका विकट गाँउ गाँउमा भरतकै केरा, टमाटर, खुसार्नि, आलु कांक्रा स्याउ, सुन्तला, अंगुर लगायतका वस्तुहरु पुग्ने गरेका छन । स्थानिय सरकार गठन भएदेखि नै स्थानिय तहका प्रमुखहरुले एउटै रटान लगाइरहेका छन, जिल्लाहरुमा हाहाकार हुन्छ । केही महिनाबाहेक वर्षको सबैजसो समय आयातित तकारीले नै कर्णालीको तरकारी बजार धानेको छ । अहिले पनि एकहप्ताको हप्ता गाडी तरकारी लिएर कालिकोट जुम्ला जान्छन् ।



मान्ममा फलफुल र तरकारिको गाडि पुग्दा तरकारि र फलफुल लिन लागा लाग गर्दै स्थानिय व्यापारि ।


जिल्लालाई अर्गानिक जिल्ला बनाउने। कृषि उत्पादनमा आत्मनिर्भर र अर्गानिक जिल्ला बनाउने एजेन्डा जनतामाझ राख्ने गरे पनि जिल्लाका अधिकांश बजार भारतीय फलफुल र तरकारीले नै भरिएको छ। एकदिन पनि भारतबाट तरकारीका गाडी सुर्खेत हुदै कालिकोट जुम्ला सम्म आइपुगेन भने यँहाका तर,स्थानिय सरकारले उत्पादन वृद्धि मात्रै नभई अर्गानिक जिल्ला बनाउन सभा र गोष्टिमा भाषण मात्र छाडिरहेका छन। बर्सेनि कर्णालीको जमिन बाँझिदै जाने र तरकारी र खाद्यान्नका लागि भारतको भर पर्दै जानुपर्ने अवस्था अन्त्यका लागि स्थानिय सरकार

बाँकी ८ पृष्ठमा..

## अब स्वास्थ्य संस्थामै सुत्केरी

**मिसन न्यूज**

**कालिकोट** - रास्कोट नगरपालिकाले आफ्नो क्षेत्रका सबै महिलालाई स्वास्थ्य संस्थामै सुत्केरी गराउने भएको छ । नगरपालिकामा रहेका सम्पूर्ण सरकारी कार्यालय, जनप्रतिनिधि, राजनीतिक दल, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहलगायत सरोकारवालाको सहभागितामा रास्कोटमा स्वास्थ्यसंस्थामा सुत्केरी गराउने अभियान थालिएको छ। घरमा सुत्केरी हुँदा महिलाले उच्च रक्तस्राव, रक्तअल्पता, साल अड्किने, पाठेघर खस्ने, घरायसी हतियारले नाभी काट्दा अन्य समस्या हुनेलगायतका कारण ज्यान नै जोखिममा पर्ने भएकाले नगरपालिकाको पहलमा स्वास्थ्य संस्थामै सुत्केरी गराउने अभियान सञ्चालन



गरिएको स्वास्थ्य शाखा प्रमुख हंशराज बरालले बताए। सुत्केरी प्रोत्साहन भत्ता दिने व्यवस्था भए पनि स्वास्थ्य संस्थामा आउन छाडेपछि अभियान नै सञ्चालन गर्नुपरेको उनको भनाइ छ। वडा नम्बर ९ का अध्यक्ष डबल बोगटीले चैतदेखि सुरु गरेको घरमा सुत्केरीमुक्त वडा बनाउने अभियानले प्रभावकारी भएको बताए। जनप्रतिनिधि, राजनीतिक दल, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहलगायत वडाका ११ वटा टोल र तीन सय ८५ घरमा सचेतना जोगाउन अभियान थालिएको छ। नगरपालिकाले मासिक १० हजार तलब दिने गरी स्वास्थ्य स्वयंसेवक खटाएको छ। जसले वडामा रहेका गर्भवती, सुत्केरी महिला,

बाँकी ४ पृष्ठमा..

## खाँडाचक्रमा दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई

**मिसन न्यूज**

**कालीकोट**- जिल्लाको खाँडाचक्र नगरपालिकाका जनप्रतिनिधिहरुले आफुले गरेका कामप्रति आफै सतप्रतिशत सन्तुष्ट नभएको बताएका छन्। आर्थिक वर्ष २०७५/०७६ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रममा जनप्रतिनिधिहरुले आफुले गरेका गतिविधि सन्तोषजनक मात्र भएको बताएका हुन्।

खाँडाचक्र नगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा विकास निर्माणका प्रयासहरु भइरहे पनि विभिन्न चुनौती आएकाले बजेट अनुसारको प्रगति विवरण पाउन नसकिएको जनप्रतिनिधिको भनाई छ।





खाँडाचक्र नगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेहिबक्ता।

खाँडाचक्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत काँशीप्रसाद पंगेनीले आर्थिक वर्ष २०७५/०७६ को दोस्रो चौमासिकको प्रगति प्रतिवेदन प्रस्तुत दैग जम्मा विनियोजित ४२ करोड २८ लाख ८५ हजार ५ सय ६५ मध्ये नगरपालिकाले अहिलेसम्म २२ करोड १८ लाख ८९ हजार २ सय ९९ मात्र खर्च गरेको छ प्रतिवेदन प्रस्तुत गर्नु भयो । प्रगति प्रतिवेदन अनुसार खाँडाचक्र नगरपालिकाल ५२.४७ प्रतिशत वित्तिय प्रगति गरेको छ । नगरपालिकाले वडामा विनियोजन गरेको ४ करोड ९० लाख रकममध्ये अहिलेसम्म १ करोड ९८ लाख यथार्थ खर्च गरको

बाँकी ८ पृष्ठमा.....

# समृद्धि, मर्यादा र फेकुहरू

भागवत खनाल

प्रधानमन्त्री केपी शर्मा ओली परिहासको शैलीमा अभिव्यक्त गर्ने अद्भूत क्षमता राख्नुहुन्छ । आफ्ना भाषणमा उखान, टुक्का, उपमा र हास्य पस्केर स्रोतालाई मन्त्रमुग्ध पार्ने क्षमता छ, उनमा । उनलाई धेरैले मन पराउँछन् र मन नपराउने पनि धेरै नै होलान् । तर, उनको भाषणप्रति भने सबै उत्सुक हुन्छन् । उनमा आफ्ना समर्थकमाझ कौतुहल पैदा गर्ने र ओजिलो र ठट्यौलो अभिव्यक्तिबाट उनीहरूको दिलखुस पार्ने अपूर्व कला छ ।

उनी आफूले भन्न खोजेको कुरालाई सोझो र सटिक तरिकाले भन्छन्, कसैलाई चोट पर्ला, दुःख लाग्ला या कसैले उडाउने मौका पाउला भन्ने कुरामा सरोकार राख्ने बानी छैन । भारतमा लालुप्रसाद यादव गम्भीर कुरालाई हलुका शैलीमा भनेर स्रोतालाई रिझाउन सिपालु छन् । उनी कारागारमा पर्दा पनि आफ्नो ठट्यौलो स्वभावले गर्दा आकर्षणको केन्द्रबिन्दुमा रहन्छन् । उनका लफ्फाजी मन नपराउने एक जना नेताले उनको उपनाम नै लाफ्फाजराम राखेका छन् । नरेन्द्र मोदी तिलस्मी, फरेवी र असम्भव सपना बाँड्न सिपालु छन् । उनी हुँदै नभएका उपलब्धिबारे डिङ् हाँक्न र गलत तथ्यांक दिएर भिडलाई प्रभाव पार्न माहिर छन् । यस्तै 'स्टन्ट' गर्ने बानीले गर्दा उनले भारतमा 'फेकु' नेताको पहिचान बनाएका छन् । विरोधीले जेसुकै भने पनि समर्थक र प्रशंसकका लागि प्रम ओली धेरै ओजपूर्ण र गरिमामय नेता हो । उनी निडर, जब्बर र आफूले मन नपराएका व्यक्ति र संस्थाको मर्ममा प्रहार गर्दै मानमर्दन गर्न र दोहोलो काढ्न माहिर हुनुहुन्छ । ओली पाको, अनुभवी र संघर्षको इतिहास भएको नेता हो । उनी नयाँ नयाँ र आकर्षक समृद्धि सपना सार्वजनिक गरेर समाजमा तरंग ल्याउन पनि सफल भएका छन् । तथापि, सत्ता र शक्तिको मद र प्रशंसकबाट प्राप्त अधिक वाहवाही एवं अलिकति देवत्वकरणसमेतको कारण उनी धेरै पुलपुलिएको र झन् दम्भी र अहंकारी हुँदै गएको भनी लागेको आरोपलाई सर्वथा झुटो र नाजायज मान्न सकिँदैन ।

प्रधानमन्त्रीले आफ्नो शैलीलाई परिवर्तन गरिदिए हुँदो हो भन्ने उनकै दलभित्र पनि होला तर त्यो भावना अभिव्यक्त गर्न सक्ने क्षमता थोरैमा मात्र छ । खतरा मोल्ने हिम्मत धेरै जनामा हुँदैन, मुख खोल्नेका लागि शक्तिमा पुग्ने धेरै ढोका बन्द हुन्छन् । सबै विरोध, समीक्षा र सुझावका आवाजलाई उपहास गर्ने शैली परित्याग गरी गम्भीर, शालीन र सहनशील हुन सकेमा सबैभन्दा ज्यादा फाइदा प्रधानमन्त्रीलाई नै हुने थियो तर सत्ता र शक्तिले यस्तो कुरा महसुस गर्न किन दिन्थ्यो । सुन्दा रमाइला तर गुन्दा हाँसोलाग्दा सपनालाई समेत महत्वका साथ सार्वजनिक गर्ने प्रवृत्तिले गर्दा उनलाई कसै कसैले 'गफाडी' भन्ने गरेका छन् । यो उनको विशिष्ट शैली र विशेषता हो । उनले कसैको सिको गरेर यो कलालाई अंगीकार गरेका होइनन् । उनका अनुचरले उनकै शैली अपनाएर उनको प्रतिरूप बन्ने प्रयत्न गर्दै छन्, त्यो नक्कली 'फेकु' शैली हो र त्यो सरकारको हकमै प्रत्युत्पादक बन्ने छ । समृद्धिको सपना निर्वाचित प्रधानमन्त्रीको नाताले उनले मुखरित मात्र गरेका हुन् र यो सुखद पक्ष हो । अहिले नै मुलुकमा जनताले अपेक्षा गरेजस्तो सफल र आशाप्रद देखिने खालको समृद्धिको यात्रा तय भएको छ भन्नु मुलुकलाई नै ढाँटेको ठहर्नेछ । तथापि पुरै निराश र हतास हुने स्थिति पनि छैन । समृद्धिको राजमार्ग त्यति सजिलो छैन, यो मार्ग सहज, सिनित्त परेको र व्यवधानहीन छैन । यो यात्रा सरल रेखामा नभई बक्ररेखामा हुनेछ र धेरै उबडखावड र खाडल पार गर्दै, सम्याउँदै र सोझ्याउँदै अघि बढ्नुपर्नेछ । आजका समस्या यसै सरकारको कार्यकालमा थुप्रिएका होइनन् । लामो समयदेखि जम्मा हुँदै आएका जम्माजम्मी जोड हुन् । आजको आजै या निकट भविष्यमै सबै बक्रहरू सरल हुनेछन् र सबै भड्खाराहरू पुरिनेछन् भनेर आशा गर्नु यो सरकारप्रति न्याय हुँदैन ।

किन्तु समृद्धिको जग बसिसक्यो, समस्याका पुलिन्दा खोलेर तिनलाई निराकरण गरिसकियो, चमत्कार भयो र सारा दुनियाँलाई चकित पारियो भन्ने 'फेकु' अभिव्यक्तिलाई किमार्थ जिम्मेवार र परिपक्व भन्दै प्रशंसा गर्न सकिँदैन । स्थिर सरकार दिने क्षमता नेपाल कम्युनिस्ट पार्टीमा मात्र छ भन्ने कुरा नेपाली जनताले पत्याए । वर्तमान प्रधानमन्त्री ठूलो जनविश्वास र भरोसावीच सत्तारुढ भए । उनमा ठूलो जोस थियो, महत्वाकांक्षा थियो, केही गर्न सकिन्छ भन्ने उत्कण्ठा र आँट थियो, जो अझै पनि कायमै छ । नेपाली जनताको समृद्धि सपनालाई अगुवाई गर्ने जिम्मेवारी प्रधानमन्त्रीको हो, किन्तु मन्त्रिपरिषद्का अन्य सदस्यले पनि प्रधानमन्त्रीले जस्तै सपना देख्ने र तिनै सपना बाँड्दै हिँड्ने हो भने काम कसले गर्ने ? तैं रानी मै रानी को भर्ला कुवापानी भनेजस्तो लफ्फाजी, गफ र गुड्डी हाँकेर देश समृद्ध हुनेवाला छैन । केही मानिसमा काम गर्नेभन्दा निर्णायक शक्तिमा रहेको व्यक्तिको अनावश्यक र अनुचित प्रशंसा गर्ने, साखुल्ले बन्ने, भित्रभित्र काम बिगार्ने तापनि अगाडि साँचिलो हुने, नजिक रहिरहनका लागि आफूलाई खुब योग्य देखाउने र तातो न छारोको धक्कु लाउँदै 'फेकु' कुरा गर्ने बानी हुन्छ । समृद्धिको राजमार्ग त्यति सजिलो छैन, यो मार्ग सहज, सिनित्त परेको र व्यवधानहीन छैन । यो यात्रा सरल रेखामा नभई बक्ररेखामा हुनेछ र धेरै उबडखावड र खाडल पार गर्दै सम्याएर अघि बढ्नुपर्नेछ । आलोचकले के भन्दा रहेछन् भनेर चनाखो हुनु, सिक्नु र महसुस गर्नु, आवश्यक पर्नेमा आलोचक र कटु सुझाव दिनेको कुरालाई खारेज नै गरिदिने प्रवृत्तिले सत्तारुढ व्यक्तिलाई सफल हुन दिँदैन। प्रशंसकका कुराले सफलता टाढा भगाउँछ । प्रख्यात भारतीय सायर राहत इन्दौरीले भनेका छन् 'झुटो ने झुटो से कहा है सच बोलो, सरकारी ऐलान है सच बोलो, सहर के अन्दर झुटों की एक मन्डी है, दरवाजे पे लिखा है सच बोलो' नेता तवसम्म मर्यादित हुन्छ, जबसम्म ऊ आफैं मर्यादा र अनुशासनमा रहन्छ । अरूलाई सधैं खिसी गरिरहने र होच्याउने तर आफूलाई गरिने स्वस्थ आलोचना र सुझावलाई सहन गर्न नसक्ने प्रवृत्तिले नेतालाई सत्यबाट टाढा लैजान्छ, झुटो कुरा नै सत्य प्रतीत हुन थाल्छ र वास्तविक परिवेशबाट बनावटी परिवेशमा पुगिन्छ । लोकतन्त्रमा सत्तामा रहने व्यक्तिहरू अरूभन्दा सहनशील, शालीन र अनुशासित हुनु आवश्यक छ । प्रशंसकहरू त आफ्नो वरिपरि छँदै छन् । आलोचकले के भन्दा रहेछन् भनेर चनाखो हुनु, सिक्नु र महसुस गर्नु आवश्यक पर्नेमा आलोचक र कटु सुझाव दिनेहरूको कुरालाई खारेज नै गरिदिने प्रवृत्तिले सत्तारुढ व्यक्तिलाई सफल हुन दिँदैन ।

आफ्ना प्रशंसकका कुरा मात्र पत्याउन थालियो भने सफलता अझै टाढा भाग्छ । नेपालमा धेरै रिपोर्टहरू बनावटी र शासकको तुष्टीकरणमा केन्द्रित हुने परम्परा छ । सात सालको क्रान्तिपश्चात् संयुक्त सरकारका प्रधानमन्त्री मोहन शमशेरले आफू श्री ३ महाराज हुँदा कृत्रिम र बनावटी रिपोर्ट प्राप्त भएकोले असफल हुनुपरेको व्यथा सुनाउँदै सहयोगीबाट प्राप्त सबै कुरा पत्यार लायक नहुने बताएका थिए । बीपी कोइरालाले पनि धुर्त प्रशासक र आफ्नै मन्त्रीहरूले धोका दिएको कुरा प्रकाश पारेका छन् । राजा वीरेन्द्र, ज्ञानेन्द्र र त्यसपछिका कार्यकारी अधिकार प्राप्त व्यक्तिहरू पनि गलत रिपोर्टको आधारमा धारणा बनाउन बाध्य पारिएनन् होला भन्न सकिन्न । स्वार्थी मन्त्री र प्रशासकहरूले चौतर्फी उन्नति भइरहेको, सर्वसाधारण जनतामा अपूर्व खुसी छाएको र केही व्यक्तिहरू मात्र आलोचक र विरोधी रहने गरेको रिपोर्ट दिने गर्दछन् । सत्तामा रहने व्यक्तिलाई वरिपरिको वातावरण, सुरक्षा घेरा र गुटबन्दीको कारण वास्तविक परिस्थितिको ज्ञान हुन पाउँदैन ।

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा चुनौती देखिए पनि बिस्तारै आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ । आँट गर्दा चिताएको काम सजिलै सम्पादन हुनेछ ।

**वृष** : पारिवारिक असमझदारीले बाधा पुर्याउनेछ भने अरूको भरपर्दा काम रोकिन सक्छ । आफन्तले सामान्य सहयोग जुटाउनेछन् ।

**मिथुन** : जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय लाग्न सक्छ । श्रम गरेर मनग्गे लाभ उठाउन सकिनेछ । हिम्मतले कार्य सम्पादन हुनेछ ।

**कर्कट** : बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ । आलोचकहरूले केही समस्या निम्त्याए पनि समयक्रमले सम्मानित स्थान दिलाउनेछ ।

**सिंह** : विभिन्न अवसर प्राप्त हुनेछन् भने आँटले काम लिने समय छ । तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू पनि बढ्नेछन् ।

**कन्या** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । तापनि शुभ चिन्तकहरूको सहयोग जुट्नाले समस्याको समाधान हुनेछ ।

**तुला** : प्रारम्भमा विशेष अवसर जुट्नुका साथै पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ । आम्दानीका स्रोतहरू बढ्नेछन् ।

**वृश्चिक**: अवसर प्राप्त भए पनि सुरुमा अपेक्षाकृत फाइदा नउठ्न सक्छ । परि बन्धले समस्या निम्त्याउने हुँदा अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ ।

**धनु** : प्रारम्भमा केही चुनौती देखिए पनि प्रतिष्ठित काम गरेर समाजमा स्थापित हुने समय छ । पुरुषार्थद्वारा उपलब्धि हातपार्ने मौका छ ।

**मकर** : प्रारम्भमा रमाइलो यात्रा हुन सक्छ । प्रियभेट हुनाले मनमा आनन्द मिल्नेछ । तर खर्च बढ्नाले अर्थ अभावले सताउन सक्छ ।

**कुम्भ** : प्रारम्भमा प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । चिताएका काम बन्नाले प्रशस्तै धनलाभ हुनेछ ।

**मीन** : प्रारम्भमा केही उल्झन देखिए पनि हिम्मत गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् । प्रतिद्वन्द्वीहरूलाई परास्त गर्न सफल भइनेछ ।

# बरातु गाउँ अर्गानिक कृषि उत्पादनले बदलियो

**मिसन न्यूज**

**कालिकोट** - जिल्लाको खाँडाचक्र नगरपालिका-११ बरातु गाउँलाई कृषिउपजका वस्तु उत्पादनमा अर्गानिक गाउँ बनाइएको छ । कृषिउपजका वस्तुहरूमा कृषकहरूले रसायन मलको प्रयोग निषेध गरेर अर्गानिक गाउँ बनाएका हुन्। स्थानीय बाली उत्पादनमा कृषक रसायनिक मलको प्रयोग विषादी प्रयोग बिना नै स्थानीय प्रांगारिक मल र स्थानीयस्तरमा किटनाशक औषधि प्रयोगमा ल्याएका छन्। कृषि उत्पादनका नमुना गाउँ रहेको बरातुका किसानहरूले २२ वर्ष अघिदेखि नै व्यावसायिक खेती सुरु गरेका थिए ।

**रसायनिक मलको प्रयोगले जग्गा बाँझोपन बढ्यो**

पहिला कृषि उपजका वस्तुहरू उत्पादनमा रसायनिक मलको प्रयोग गर्दा जग्गा सुख्खापन वृद्धि भएको किसानहरूले बताएका छन् । पहिलापहिला हामी कृषि बाली उत्पादन गर्नका लागि प्रयोग गरेको रसायनिक मलको असरले जग्गामा सुख्खापन आउनुका साथै बाझाँपनको समस्या देखिएको अगुवा कृषक बिरु भारतीले बताइन् । 'रसायनिक मलको प्रयोगले जग्गाको क्षतिबाहेक अरू केही हैन भन्ने बुझ्यौं ।' उनले भनिन्, 'अहिले गाउँमा कसैले पनि रसायनिक मलको प्रयोग गर्दैनन् ।' जग्गामा सुख्खापन बढेका कारणले किसानहरूले अहिले कृषि



उत्पादनका क्षेत्रमा जैविक र प्रांगारिक मलको प्रयोगमा ध्यान दिएको वडा अध्यक्ष पुष्पराज गिरीले बताए । 'गाउँमा कसैले पनि रसायनिक मलको प्रयोग गर्दैन ।' उनले भने, 'स्थानीयरूपमा उत्पादन हुने हरेक कृषि उपजका वस्तुमा स्थानीय जैविक मल र प्रांगारिक मलको प्रयोग गर्न थालिएको छ ।'

**वर्षभरि नै बेमौसमी तरकारी**

बरातु गाउँका किसानहरूले वर्षभरि नै बेमौसमी तरकारीको उत्पादन गर्ने गरेका छन् । अन्य बालीभन्दा तरकारी बालीबाट राम्रो उत्पादन हुने भएकाले किसानहरूले तरकारी बाली उत्पादनमा जोड दिएका हुन् । यहाँका किसानहरूले वर्षभरि नै बैमौसमी तरकारी उत्पादन गर्ने त्यसबाट राम्रो लिने गरेको शिक्षक अजबहादुर गिरीले बताए । 'यहाँ पहिला पहिला कसैले पनि तरकारी उत्पादन गर्न मानेनन' उनले भने, 'पहिला मैले नै तरकारी खेतीको सुरु गरेर राम्रो आम्दानी लिन थालेपछि अरूले पनि तरकारी खेती सुरु गरेका हुन् ।'

**बजारको समस्या**

बैमौसमी तरकारी तथा अन्य कृषिजन्य वस्तुको उत्पादन राम्रो हुने गरेको भए पनि बजारीकरणको समस्या रहेको अगुवा किसान तारा गिरीले बताइन् । 'यहाँ हामीले उत्पादन गर्ने गरेको तरकारीलगायतका अन्य कृषि उपजका वस्तुहरू बजारीकरणले समस्या छ ।' उनले भनिन्, 'यहाँ उत्पादन भएको तरकारी कसरी कहाँ बेच्ने त्यसको समस्या छ ।' अहिले गाउँमा आरु, आलुलगायत तरकारी खेरजाने अवस्थामा रहेको सरिता भारतीले बताइन्। 'अहिले गाउँमा आरु फालाफाल छ। यो कहाँ लिएर बेच्ने?' उनले भनिन्, 'तर, सडक पुगेको ठाउँमा भारतीय तरकारी बिक्री हुन्छ ।'

**बजारको समस्या हुँदैन : नगर प्रमुख**

पाण्डे- खाँडाचक्र नगरपालिका नगर

**बाँकी ७ पृष्ठमा..**


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## अब स्वास्थ्य संस्थामै......................

पाँच वर्षमुनिका बालबालिकाको विवरण संकलन गर्छन् । गर्भवतीले नियमित स्वास्थ्य संस्थामा जाँच, आइरन चक्की खानेलगायत स्वयंसेवकले निगरानी गरिरहेका छन् । वडा नम्बर ९ स्थित स्वास्थ्य चौकीमा रहेको बर्थिङ सेन्टरमा कार्यरत विमला सञ्ज्यालले अनिवार्य स्वास्थ्य संस्थामै सुत्केरी गराउने अभियान सञ्चालन गरेपछि गर्भ जाँच गर्ने महिलाको संख्या वृद्धि भएको बताइन्। नगरपालिका प्रमुख कासीचन्द्र बरालले आगामी वर्षदेखि नगरपालिकाका हरेक घरमा पुगेर महिलालाई परामर्श गरिने बताए ।


## महावैको अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट



## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधै ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

शुभकालिका गाउँपालिका कार्यालय
कालिकोट



## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

पलाँता गाउँपालिका कार्यालय
कालिकोट



व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट


# स्वास्थ्य

## छिटो उपचार गरे दुबी निको हुन्छ



छालाको बाहिरी भागमा सेतो या कालो दाग देखिने र फैलिने समस्यालाई अंग्रेजीमा 'भिटिलिगो' भनिन्छ नेपालीमा दुबी भनिन्छ। दुबी दुई प्रकारका हुन्छन्। एउटा सेतो दुबी, जुन शरीरमा रङ उत्पादन गर्ने 'मेलानोसाइट' नष्ट भएर हुन्छ भने अर्को फंगस या कीटाणुको कारणले हुने गर्छ । यो शरीरमा 'भार्षिकोलार' नामक कीटाणुको कारणले हुन्छ । पहिलो प्रकारको अर्थात् सेतो दुबी उपचारपछि पनि सजिलै निको हुँदैन। ढुसीको कारणले भएको दुबीचाहिँ उपचारपछि निको हुन्छ। यो दुबी प्रायः गर्मी मौसममा बढी देखिन्छ । ताप बढी भएको अवस्थामा यो चिलचिलाउँ छ । यो दुबी शरीरका देखिने भागहरू प्रायः अनुहार, घाँटी र हातमा देखिन्छ। दुबीले शारीरिक रूपमा कुनै असर पार्दैन। तर यसले अविवाहित तथा युवायुवतीलाई भने मानसिक रूपमा हीनताबोधको सिकार बनाउँछ । सेतो दुबीले ओठ तथा औंलाहरू पूरै सेतो बनाउँछ। यो दुबी शरीरमा हुने 'मेलानोसाइट' भन्ने कोष नष्ट भएमा हुन्छ । यो कोषले शरीरमा रङ उत्पादन गर्ने काम गर्छ। मेलानोसाइट कुनै कारणले नष्ट भयो भने शरीरमा रङ हराउँदै जान्छ। कसैको कुनै निश्चित भागमा मात्र रङ हराउन सक्छ। कसैको शरीरभरको रङ हराउँछ यसको कारण थाहा छैन । वीर अस्पतालका वरिष्ठ छालारोग विशेषज्ञ भास्कर कायस्थका अनुसार मेलानोसाइट कोष नष्ट हुनुको खास कारण थाहा छैन । तर हालसम्म वंशाणुगत र स्नायुको रसायनको गडबडीले पनि मेलानोसाइट नष्ट भएर जान्छ। नेपालमा यो रोग कुल बिरामी संख्याको एकदेखि दुई प्रतिशत छन् । समुदायमा भने यो रोग थप संख्यामा हुने चिकित्सक बताउँछन्। जो उमेर पुगिसकेका कारण उपचारमा आउँदैनन् । समुदायमा यो समस्या ३ देखि ४ प्रतिशत रहेको तथ्यांक छ । दुबीले शारीरिक रूपमा कुनै असर पार्दैन। तर यसले अविवाहित तथा युवायुवतीलाई भने मानसिक रूपमा हीनताबोधको सिकार बनाउँछ। स्नायु रोगका कारण पनि सेतो दुबी हुन्छ। स्नायु रोगमा सँगसँगै आँखा दुख्ने रोग पनि उत्पत्ति हुन्छ। सेतो दुबी अनुहार या हातमा छ भने सबै मानिसले हेयको दृष्टिले हेरेको हो कि भन्ने सोच गर्छन।


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट

# कर्णाली सरकारद्वारा मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक

**मिसन न्यूज**

**सुर्खेत** - कर्णाली प्रदेश सरकारको यही वैशाख २४ गते बसेको मन्त्रिपरिषद् बैठकले गरेका निर्णय आज सार्वजनिक गरेको छ । प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले पत्रकार सम्मेलनमार्फत् आज बिहान मन्त्रिपरिषद् बैठकले गरेका १० निर्णय सार्वजनिक गरेका हुन् । बैठकले गरेका निर्णय परिपक्व बनाउन खोजिएकाले सार्वजनिक गर्न ढिलाइ भएको मन्त्री केसीले बताए ।

उनका अनुसार मन्त्रिपरिषद् बैठकले कर्णाली प्रदेशसभाको चौथो बैठक आगामी जेठ १० गते दिउँसो ३ बजे आह्वान गर्नका लागि कर्णाली प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय भएको छ । बैठकले आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रस्ताव गरेको आमसञ्चार तथा सूचना प्रविधिसम्बन्धी विधेयक तर्जुका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । त्यसैगरी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रस्ताव गरेको रसायन तथा रासायनिक विषादी नियन्त्रण विधेयक-२०७६, पशु बधशाला तथा मासु जाँच विधेयक-२०७६ र माटो तथा मल व्यवस्थापन विधेयक-२०७६ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय भएको प्रवक्ता केसीले जानकारी दिए । बैठकले आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा प्रस्तावित द्वन्द्वपीडित राहत तथा उपचारसम्बन्धी कार्यविधि २०७५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयद्वारा प्रस्तावित




कर्णाली प्रदेश पर्यटन बोर्ड गठनादेश २०७६ र आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा प्रस्तावित कर्णाली पूर्वाधार विकास प्राधिकरण गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा थप छलफलका लागि प्रदेश मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा पठाउने निर्णय गरेको जनाइएको छ । त्यस्तै, कर्णाली प्रदेशका सबै जिल्लाको शान्ति सुरक्षासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न प्रमुख सचिवको संयोजकत्वमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव र प्रदेश प्रहरी प्रमुख सदस्य रहेको समिति गठन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको मन्त्री केसीले बताए । उनका अनुसार बैठकले डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिकाको केन्द्र परिवर्तन गर्ने सम्बन्धमा सो गाउँपालिकाको केन्द्र साविक वडा नं २ स्थित काइगाउँबाट वडा नं ५ स्थित माझगाउँ भन्ने स्थान तोक्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने अन्तिम निर्णय गरिएको छ ।

**'समायोजनले सरकारलाई निमोनिया बनायो'-**

कर्णाली प्रदेश सरकारले अपेक्षा गरेअनुसारको विकास बजेट खर्च नहुने अनुमान गरेको छ । संरचना निर्माण नहुनु र कर्मचारी अभावले बजेट कार्यान्वयनमा चुनौती आएको प्रवक्ता केसीले बताए । विकासको मेरुदण्ड मानिएको भौतिक पूर्वाधार विकास मन्त्रालयमा भएको रु १० अर्ब बजेट पनि प्राविधिक कर्मचारीको अभावले कार्यान्वयनमा आउन नसक्दा खर्च प्रतिशत नबढेको उनले जानकारी दिए । 'सरकार बजेट कार्यान्वयनको विशेष चरणमा आउँदै गर्दा कर्मचारी समायोजन भयो', मन्त्री केसीले भने, 'यसले बामे सर्दै उठेर हिँड्ने बेलाको कर्णाली प्रदेश सरकारलाई निमोनिया बनायो ।' उनले अहिले सामाजिक, कृषि र पर्यटन मन्त्रालयको काम तीव्र गतिमा भइरहेको तथापि अनुगमन नगर्दा भुक्तानी रोकिएकाले खर्च प्रतिशत नदेखिएको बताए । राजधानीबाट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
- बिरामी परेको, मरेको, अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## बेलायतको बेरोजगार दर ४५ बर्ष यताकै न्यून



एजेन्सी – बेलायतको बेरोजगार दर ४५ बर्ष यताकै न्यून अवस्थामा पुगेको यहाँको सरकारी तथ्याङ्कले देखाएको छ। बेलायतको यूरोपेली सङ्घ (इयू) बाट हुने भनिएको बहिर्गमन प्रक्रिया लम्बिएर अनिश्चिततातर्फ जाँदा पनि यहाँको अर्थतन्त्रमा स्थिरता कायम देखिएको मङ्गलबार सार्वजनिक तथ्याङ्कमा उल्लेख छ । सन् २०१९ को शुरूवाती तीन महिनामा यहाँको वेरोजगार दर ३.८ प्रतिशत कायम भएको र यो सन् १९७४ को अन्तिम त्रैमासिक पछिको न्यून बेरोजगार दर भएको बेलायती तथ्याङ्क मामिला हेर्ने कार्यालय (ओएनएस) ले एक विज्ञप्तिमार्फत जानकारी गराएको हो । सन् १९७४ (४४ बर्ष पहिले) को आर्थिक बर्षको अन्तिम त्रैमासिकमा बेरोजगार दर ३.९ रहेको थियो भने त्यसपछि कहिल्यै पनि यो विन्दुमा नझरेका ओएनएसले जनाएको छ । ब्रेक्जिटसम्बन्धी अनिश्चितताको मुखमा पनि बेलायतको श्रम बजार आश्चर्यजनकरूपमा लचकदार देखिएको छ, । हारग्रिभ्स ल्यान्सडाउनका वरिष्ठ अर्थशास्त्री बेन ब्रेटेलले पछिल्लो तथ्याङ्कपछि प्रतिक्रिया दिए । 'यी साँच्चै अर्थतन्त्रले सामना गरेका मजबुत तरङ्ग हुन् जसलाई तथ्याङ्कले प्रष्ट्याएको छ ।' ओएनएसले भनेको छ, बेलायतको रोजगारदर ७६.१ प्रतिशत हुने अनुमान गरिएको थियो, जुन सबैभन्दा उच्च संयुक्त तथ्याङ्क हो जुन रेकर्डमा राखिएको छ । ब्रेटेलले भने, 'यहाँ यस्ता प्रमाणिक चासो छन् जसलाई संयुक्त अधिराज्यका कम्पनीहरूले चाहिनेभन्दा बढी पूँजीगत खर्चको तुलनामा श्रमलाई सङ्ग्रह गरेका छन् ।''यस्तो अनिश्चित समयमा तपाइले किन नयाँ योजना र उपकरणमा ठूलो राशी खर्च गर्नुहुन्छ जब तपाँइले थप श्रमिक भित्राउन सक्नुहुन्छ र सोही नतिजा पाउनसक्नुहुन्छ ?' यस्तै औषत साप्ताहिक आम्दानीलगायत अधिक लाभांशमा भने मार्चसम्म अर्थात् गत तीन महिनामा ३.२ प्रतिशतले कमी आएको तथ्याङ्कमा उल्लेख छ ।

# ज्ञानमाला

१.विश्व मानव अधिकारको घोषणा संयुक्त राष्ट्रसंघको साधारण सभाबाट कहिले पारित भएको थियो ?
-१० डिसेम्बर १९४८

२. संयुक्त राष्ट्र संघको सदस्य नभएता पनि खर्च व्यहोर्ने राष्ट्र कुन हो ?
-होली सी

३. सदस्य राष्ट्रले संयुक्त राष्ट्र संघलाई वुझाउनु पर्ने रकम कति वर्षसम्म नवुझाए मतदानमा भाग लिन पाउदैनन् ?
-२ वर्ष

४. संयुक्त राष्ट्रसंघको वडापत्रको धारा १ मा के कुरा उल्लेख छ ?
-उद्धेश्य

५. UNO ले पहिलो पटक महिलाहरू मात्र रहेको शान्ति सैन्य टोली कुन देश पठाएको थियो ?
-लाईवेरिया

६. UNO को महासभामा सबैभन्दा बढी समय भाषण गर्ने व्यक्ति क्युवाका राष्ट्रपति फिडेल क्यास्ट्रो हुन् भने सबै भन्दा कम समय (३० सेकेन्ड) मात्र वोल्ने व्यक्ति को हुन् ?
-दावा छिरिङ,भूटान

७. UNO का विशिष्टीकृत संस्था मध्ये नेपाल सर्वप्रथम कुन संस्थाको सदस्य वनेको थियो ?
–FAO

८. संयुक्त राष्ट्र संघको सबैभन्दा कान्छो राष्ट्र दक्षिणी सुडान कहिले UN को सदस्य भएको थियो ?
-१४ जुलाई २०११

९. विश्व वैंकको स्थापना कहिले भएको थियो ?
-१९४७ नोभेम्बर १४

१०. IAEA को स्थापना कहिले भएको थियो ?
-सन् १९५७

११. संयुक्त राष्ट्र संघको अल्पविकसित राष्ट्रको सूची (LDCS) मा कति राष्ट्र छन् ?
-४९ राष्ट्र

१२. संयुक्त राष्ट्र संघले LDC (अल्प विकसित राष्ट्र को) वर्गिकरण कहिले गरेको हो ?
-सन् १९७१

१३. सन् २०१३ मा नेपालका लागि संयुक्त राष्ट्रसंघको स्थायी प्रतिनिधि को नियुक्त भएको छ ?
-दुर्गाप्रसाद भट्टराई


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट



एक घर एक करेसाबारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

## बरातु गाउँ अर्गानिक कृषि ...........

प्रमुख जसीप्रसाद पाण्डेले किसानहरूले उत्पादन गरेको वस्तु बजारीकरणको समस्या हुन नदिने बताएका छन् । कर्णाली राजमार्गदेखि बरातुसम्म ग्रामीण कृषि सडक पुगेको अबका दिन ती समस्या हल हुने बताएका हुन् । 'बरातुका किसान हरू निकै मिहिनेती छन् ।' नगर प्रमुख पाण्डेले भने, 'उनीहरूले उत्पादन गरेका कृषि उपजका वस्तुहरूलाई बजारी करणका लागि मलै पहल थाल्छु ।' बरातु कालिकोट जिल्लाकै कृषि वस्तु उत्पादनमा नमुना गाउँ भएको प्रमुख पाण्डेले बताए । कालिकोटमा पहिलो पटक किबी खेती बरातुका किसानहरूले अहिले गाउँमा किबी खेतीको सुरुवात गरेका छन्। तीन वर्षअघि गाउँमा किबी खेती सुरु गरेको गत वर्ष थोरै फलेको यो वर्ष धेरै दाना दिएको शिक्षक अजबहादुर गिरीले बताए । 'किबी खेतीको सम्भावना निकै राम्रो छ।' उनले भने,'यसको बजारमूल्य पनि निकै राम्रो छ ।' सुन्तला जोनका रूपमा विकास साबिकको जिल्ला कृषि विकास कार्यालयले बरातु गाउँ लाई सुन्तला जोनका रूपमा विकास गरेको थियो। अहिले गाउँमा सुन्तला उत्पादन गर्ने कृषकहरूको संख्या वृद्धि भएको र गाउँमा नै सुन्तलाका सात जातका बाली उत्पादन गर्ने गरेको माया गिरीले बताइन्। 'यहाँ गाउँमा सुन्तला, जुनार, मुन्तला, कागती, स्थानीय जातको चुक लगायत बाली उत्पादन हुन्छन् ।' उनले भनिन्, 'यो हाम्रो प्रयासले सम्भव भएको हो।' जिल्ला नै रसायनिक मलमुक्त बनाउने छलफल कर्णाली प्रदेश सरकारले आर्गानिक प्रदेश बनाउने निर्णयसँगै कालिकोट जिल्लालाई अर्गानिक जिल्ला बनाउने तयारी थालिएको छ । कर्णाली कृषि तथा खाद्य सरोकार समूह पहलमा अगानिक जिल्ला बनाउन तयारी थालिएको हो । प्रदेश सरकारको निर्णयलाई कार्यान्वयन गर्नका लागि कालिकोट जिल्लालाई पनि अर्गानिक जिल्ला बनाउन पहल थालिएको कर्णाली कृषि तथा खाद्य सरोकार समूहका कालिकोट जिल्ला अध्यक्ष कालीबहादुर मल्लले बताए । 'अहिले अगानिक जिल्ला बनाउने विषयमा किसान र स्थानीय सरकारसँग छलफल थालेका छौं ।' उनले भने, 'चाँडै नै विषादीमुक्त जिल्ला कालिकोट हुनेछ ।'थाहाखबरबाट

---


फोन नं.०८७-४४०१३३
ईमेल : hokalikot@gmail.com

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय कालिकोट

## सुचना ! सुचना !! सुचना !!!

स्वास्थ्य कार्यालयको आयोजना तथा मेरी स्टोप्स ईन्टरनेशनल,नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा यस जिल्लाको तपशिलका स्थान र मितिमा पुरुष तथा महिला हरुको लागि स्थायी बन्ध्याकरण शिविर संचालन हुने भएकाले सन्तानको रहर पुगेका ईच्छुक दम्पतिहरुले नजिकको पाएक पर्ने स्थानमा सर्म्पक राखि मौकाको फाईदा उठाउन हुन हनुरोध गरिन्छ ।

तपशिल

| क्र.सं. | स्थान | मिति |
|---|---|---|
| १ | खाँडाचक्र नगरपालिका अन्तरगत स्वास्थ्य चौकी, दाँहामा | २०७६/०१/३१ गते |
| २ | पलाँता गाउँपालिका अन्तरगत, थिर्पु | २०७६/०२/०२ गते |
| ३ | रास्कोट नगरपालिका अन्तरगत स्वास्थ्य चौकी स्यूना,R.C.P. बजारमा | २०७६/०२/०३ गते |
| ४ | सान्नी त्रिवेणी गाउँपालिका अन्तरगत स्वास्थ्य चौकी, मेहलमुडि | २०७६/०१/०५ गते |

आयोजक
स्वास्थ्य कार्यालय कालिकोट

कटक बहादुर महत
नि.स्वास्थ्य कार्यालय प्रमुख



## जनहितका लागि जारी सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

महावै गाउँपालिका
गाउँ कार्यपालिकोको कार्यालय
कालिकोट



## सान्नी त्रिवेणीको अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी भिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुघर राखौं। स्वस्थ्य जीवन र ाख्न सधै सफा सुघर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं ।

सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय
कालिकोट



## पलाँताको सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट



## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

## भारतकै भरमा फलफुल....................

भाषणबाहेक कार्यान्वयनमा गएको देखिँदैन । अर्गानिक उपजको प्रवर्द्धन गर्न केही समयअघि प्रदेश सरकारले पनि निर्णय गरेको थियो। तर, त्यसलाई केहि मात्रामा कार्यन्वयन गरे जस्तो गरि केही सीमित व्यक्तिलाई रिझाउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट १४ लाख खर्च भयो । उपलब्धि केही नदेखिएको यँहाका किसानको गुनासो छ । सरकारले किसानका लागि भनेर ल्याएका अधिकांश योजना वास्तविक किसानले नपाउने गरेको गुनासो पहिलेदेखि नै आइरहेको छ। कालिकोटमा पछिल्लोसमय आयात हुने वार्षिक ७ हजार मेट्रिकटन तरकारी र फलफूलमध्ये ८० प्रतिशत बजार हिस्सा भारतको छ। बाँकी ३० प्रतिशत सिजनअनुसारका तरकारी र फलफूल मात्रै रहेको कृषि ज्ञान केन्द्र कालिकोटका वागवानि अधिकृत भक्तिराम शर्माले जानकारी दिए । उनका अनुसार, 'सिजनमा कालिकोट बाट जडिवुडि,र स्याउ मात्रै वाहिर निर्णत हुन्छ । अरु सवै खाध्य तथा तरकारि जन्य वस्तु भारतको रुपैडिया वाट आयत हुन्छ । कृषि क्षेत्रमा सरकारले अर्बौंको कार्यक्रम सञ्चालन गर्दा पनि जिल्लामा निर्यातभन्दा आयातमुखी बनेको हो। कृषि बजारस्थलमा आउने तरकारीको कारोबार हेर्दा वार्षिक ४ करोडमध्ये करिब ३ करोडको तरकारी भारतबाटै आउँछ। यति धेरै आयात गर्ने यँहावाट मौसमअनुसार केही फलफूलबाहेक अन्य सामग्री बाहिर जाँदैन । कालिकोटमै तरकारी र फलफूलजस्ता वस्तुको न्यून उत्पादनले बर्सेनि करोडौं रकम बाहिर गएको बताए । उनले,' कर्णाली आयतमुखी भएको स्वीकार गर्दै शर्माले आयतलाई विस्थापन गर्न कृषिलाई उच्च प्रथामिकता राखेको दावी गरे । न्यून उत्पादनले भारतीय कृषिजन्य वस्तु एकदिन नआउँदा हाहाकार हुने स्थिति रहेको आर्चाय सब्जी मण्डीका सञ्चालक ठम्म आर्चाय बताउँछन् । 'अहिले कालिकोट जिल्ला भरिमा मान्मको बदरिगाँउ वाट केहि मात्रामा बन्दागोभी मात्रै आउँछ अन्य तरकारी छैन', आर्चाय भन्छन, 'ग्राहकको चाहनाअनुसार तरकारी जिल्लामा छैन। सबै भारतबाटै आयात गर्नुपर्ने बाध्यता छ। सरकारले कृषि क्षेत्रमा जति रकम खर्चे पनि पर्याप्त सिँचाइ सुविधा नदिँदासम्म परनिर्भरता बढ्दै जाने उनी बताउँछन्। सिजनअनुसार कुन तरकारी कसरी उत्पादन गर्दा बढी प्रतिफल पाउन सकिन्छ भन्ने हेक्का सरकारलाई नभएको आर्चायले बताए । पर्याप्त स्रोतसाधन हुँदा पनि सरकारले मिसन र भिजन नबनाउँदा कृषि क्षेत्रको विकास हुन नसकेको उनको बुझाइ छ। मौसमी र बेमौसमी तरकारी उत्पादनमा कृषकलाई अनुदान दिएर कार्यक्रम सञ्चालन गरिरहेको स्थानिय तहले बताएका छन्। तरकारी तथा फलफूल उत्पादनका लागि अपर्याप्त सिँचाइ सुविधा, उत्पादित तरकारीको सहज ढुवानी तथा शीत भण्डार नहुनुले बर्सेनि भारतीय तरकारी तथा फलफूलको आयात बढेको कृषकहरु बताउँछन्। एकैपटक भारतीय तरकारी विस्थापन गर्न नसकिने भएकाले यहाँका कृषकलाई विस्तारै आत्मनिर्भर बनाउने योजना सञ्चालन गरिरहेको खाँडाचक्र नगरपालिका प्रमुख जसि प्रर्साद पाण्डेले बताए ।

## खाँडाचक्रमा दोस्रो चौमासिकका.......................

छ। खाँ डाचक्र नगरपालिकाले वर्षौंदेखि खानेपानीको समस्या झेल्दै आएका ठाउँमा खानेपानीको समस्या समाधान गरेको, सडक, सिँचाई लगायतका विकास निर्माणका काम गरेको नगरपालिका प्रमुख जसीप्रसाद पाण्डेले बताउनु भयो । उहाँले भन्नुभयो, ' यत्तिका कामगर्दा पनि नगरपालिकाले सोचेजति सफल हुन सकेको छैन ।' सबैका ईच्छा, आकांक्षा पुरा गर्न नसकिने भन्दै दोस्रो चौमासिकको अवधिमा भनेजति विकास निर्माणका काम गर्न नसकेको स्विकार गर्नुभयो । कर्मचारीको अभाव, दरबन्दीको समस्या, ऐन कानुनले समस्या पारेको भए पनि आफुहरु अहोरात्र जनताको समस्या समाधानमा खटिएको प्रमुख पाण्डेले बताउनुभयो। सबै ठाउँमा आफु पुग्न नसक्ने भएकाले वडालाई जिम्मा दिएर भए पनि विकास निर्माणका कामहरु गर्ने गरेको बताउनुभयो। योजना पाएका जनता खुसी भए पनि योजना नपुगेको स्थानका बासिन्दा असन्तुष्ट हुनु स्वाभाविक भएको उहाँको भनाई छ। पत्रकार महासंघका अध्यक्ष तुलाराम पाण्डेले खाडाचक्र नगरपालिकाले जनताको माझमा देखाउन लाएकका योजना निमार्ण गर्न नसकेको बताउनु भयो । उहाँले नगरपालिकाले सम्पन्न योजनाको अनुगमनमा तेस्रो पक्षको संलग्नता हुनुपर्नेमा आफै धामी आफै बोक्सी भएको आरोप लगाउनुभयो। त्यस्तै स्थानीय गंगा खड्गा बोगटीले पशुपतिका परेवालाई दाना छडेजस्तो खाडाचक्र नगरपालिकाले बजेट छडेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, 'खाडाचक्र नगरपालिकामा अहिले खानेपानीको अभाव छ।' 'कहीं नभएको जात्रा हाँडी गाउँमा' भनेजस्तै नगरपालिकाहरुले खर्च गरेको बजेटमा आशंका रहेको बताउनुभयो। कार्यक्रमका सहभागीहरुले गुनासो सुन्न र सुझाव लिन सार्वजनिक सुनुवाई गरिएको प्रति नगरपालिकालाई धन्यवाद ज्ञापन गरेका छन भने एउटा बन्द कोठाभित्र सार्वजनिक सुनुवाई गरेको प्रति स्थानिय मनसिंह शाहीले आपत्ती समेत जनाउनुभयो । कार्यक्रममा आगामी दिनमा शिक्षा, स्वास्थ्य, पशु, कृषि लगायतको क्षेत्रलाई व्यवस्थित बनाउन प्रभावकारी ढंगले काम गर्न सहभागिले सुझाव समेत दिएका छन। हरेक विकास निर्माणका काममा गुणस्तरीय काम गर्न नगरपालिका सफल हुने विश्वास समेत व्यक्त गरेका छन। उनीहरुले आफूहरुको क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिदिन पनि नगरपालिका संग आग्रह गरेका गरेका छन् । नगरपालिकाबाट भए गरेका काम कारवाहीप्रति जनप्रतिनिधि सन्तुष्ट नभएपनि स्थानीय नागरिकले सन्तुष्टी भएको भन्दै नगरउपप्रमुख विजया विष्टले धन्यवाद दिनुभयो।

**'भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको www. missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
मिसन न्यूज
News National Weekly
MISSION राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, समाचारदाता :दिलिप कुमार शाही, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. – ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३ ,इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,मुद्रणः ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट